# नेपाल सरकार
## सामान्य प्रशासन मन्त्रालय
## निजामती सेवामा कार्यरत कर्मचारीहरुलाई EMBA (Executive Masters of Business Administration) अध्ययनको लागि छात्रवृत्तिको अवसर सम्वन्धी सूचना
(सूचना प्रकाशित मितिः २०७२/१२/११ गते)

यस मन्त्रालयको आ.व. २०७२/७३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार शैक्षिक सत्र २०१६-१८ मा चार सेमेष्टरमा संचालन हुने (दुई वर्ष) EMBA (Executive Masters of Business Administration) अध्ययन गर्न निजामती कर्मचारीहरुलाई छात्रवृति प्रदान गर्ने कार्यक्रम रहेको र सो अनुसार सात जनालाई छात्रवृति उपलव्ध गराइने भएकोले देहायको शर्तहरु पुरा भएका इच्छुक उम्मेदवारहरुबाट कार्यरत मन्त्रालय /आयोग/सचिवालय/केन्द्र/प्राधिकरणको सिफारिस सहित EMBA (Executive Masters of Business Administration) कार्यक्रमको आवेदन फाराम (आवेदन फाराम www.moga.gov.np बाट Download गर्न सकिने) भरि प्रमाणित गरि सूचना प्रकाशित मितिले १५ (पन्द्र) दिनभित्र यस मन्त्रालय (जनशक्ति विकास शाखा ) मा आइपुग्ने गरि पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ ।

**शर्तहरुः**

१. EMBA (Executive Masters of Business Administration) अध्ययनको लागि दरखास्त दिने कर्मचारीको उमेर मनोनयन गरिने मितिसम्म ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।

२. छनौट हुने कर्मचारीले निजामती सेवाको पदमा कम्तिमा ३ (तीन) वर्षको अटुट सेवा पुरा गरेको हुनुपर्नेछ । तर निजामती सेवा ऐन बमोजिमको समावेशी वर्ग/समुदायका कर्मचारीहरुलाई एकवर्ष कम सेवा अवधि भएपनि पुग्नेछ । अध्ययन गरि फर्केपछि निजामती सेवा ऐन र नियमावली बमोजिम गर्नुपर्ने सेवा अवधि अनिवार्य रुपमा पुरा गर्नु पर्नेछ ।

३ यस अध्ययनको लागि आवेदन दिने कर्मचारी स्नातक तह उतीर्ण भएको हुनुपर्नेछ । व्यवस्थापन र जन प्रशासनमा स्नातकोत्तर तह उतीर्ण गरिसकेका कर्मचारी बाहेक अन्य विषयमा स्नातकोत्तर गरेका कर्मचारीहरुलाई पनि मनोनयन गर्न सकिनेछ ।

४. यस छात्रवृतिको लागि दरखास्त दिने कर्मचारीले दरखास्त साथ एस .एल.सी. देखि स्नातक तहसम्मका शैक्षिक प्रमाण - पत्रहरु एवं चारित्रिक प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाण-पत्र, निजामती सेवाको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपिहरुका साथै निज कार्यरत मन्त्रालय/आयोग/सचिवालयबाट निजले निजामती सेवाको पदमा बहाल रहेको सेवा अवधि तथा असाधारण विदा लिएको भए असाधारण विदाको अवधि समेत प्रमाणित हुने गरि उक्त अध्ययन कार्यक्रममा मनोनयनको लागि सिफारिश गरेको पत्र समेत दरखास्त साथ पेश गर्नु पर्नेछ ।

५. उक्त अध्ययन कार्यक्रमको लागि आवश्यक पर्ने शैक्षिक शुल्क मात्र छात्रवृति वापत प्रदान गरिनेछ र अन्य आवश्यक शुल्क विद्यार्थी आफैले व्यवस्थापन गर्नु पर्नेछ ।

६. दरखास्त दिने कर्मचारी उक्त छात्रवृतिमा मनोनयन भएमा निजलाई उक्त अध्ययन अवधिभर निजको पदस्थापन सम्वन्धित स्थानमा मिलाईने भनि सम्वन्धित मन्त्रालय/आयोग/सचिवालयबाट प्रमाणित भै आउनु पर्नेछ ।

७. अध्ययन कार्यक्रममा सहभागी कर्मचारीको उपस्थिति/हाजिरि न्यूनत्तम ८० प्रतिशत हुनु पर्नेछ । ७० प्रतिशत भन्दा कम उपस्थिति हुने कर्मचारीको दोश्रो किस्ता वापतको रकम उपलव्ध गराइने छैन र निजले गरेको कवुलियत उल्लंघन भएको मानि निजलाई नेपाल सरकारले प्रदान गरेको छात्रवृति रकम निजको तलब/भत्ताबाट अशुलउपर गरिनेछ ।

८. विश्वविद्यालयबाट लिइने प्रथम, दोश्रो र तेश्रो सेमेष्टरको परीक्षामा उतीर्ण भएपछि मात्र प्रगति विवरणको आधारमा कर्मचारीको शैक्षिक शुल्क वापतको दोश्रो (अन्तिम) किस्ताको रकम अध्ययन गराउने संस्थालाई भुक्तानी गरिनेछ ।

९. अध्ययनको लागि छनौट भएको कर्मचारीले यस मन्त्रालयबाट तोकिएको ढांचामा कवुलियतनामा गर्नुपर्नेछ ।

१०. उक्त अध्ययन कार्यक्रम कार्यालय समय वाहेक विहान/सांझ-वेलुका अथवा सार्वजनिक विदाको दिन संचालन हुने भएकोले उक्त अध्ययनको लागि मनोनयन हुने निजामती कर्मचारीहरुलाई अध्ययन विदाको सहुलियत प्रदान गरिने छैन ।

११. दरखास्त दिने कर्मचारीले दरखास्त साथ छुट्टै कागजमा ५०० शव्दमा नबढ्ने गरि देहाय बमोजिमको व्यहोरा उल्लेख गरि पेश गर्नु पर्नेछः-

(क) निजामती सेवामा नियुक्त भएपछि आफुले निजामती सेवामा पुर्याएको उल्लेखनीय योगदान,

(ख) यो विषय अध्ययन गर्न चाहेको कारण

(ग) यो विषयको अध्ययनले आफ्नो पेशागत दक्षतामा पुर्याउने सहयोग ।

शैक्षिक सत्र २०१६-२०१८ मा नेपाल सरकारबाट छात्रवृत्ति प्रदान गरिने **EMBA Program** को

**आवेदन फाराम**

१. आवेदन गरेको समूहः खुला/समावेशी (महिला/आदिवासी-जनजाती/मधेशी/दलित/अपाङ्ग/पिछडिएको क्षेत्र) ................

२. कर्मचारीको नाम (देवनागरीमा) :- ........................................................................................................

३. कर्मचारीको नाम ( English BLOCK LETTER मा):- | | | | | | | | | | | | | | | | | | | |

४. कर्मचारी संकेत नं:-

५. जन्म मितिः-

६. निजामती सेवामा प्रवेश मितिः-

७. व्लड ग्रुपः-

८. लिङ्गः-

९. समावेशी समूहमा भए उल्लेख गर्नेः-

(क) महिला ☐ (ख) आदिवासी/जनजाती ☐ (ग) मधेशी ☐ (घ) दलित ☐ (ङ)अपाङ्ग ☐ (च) पिछडिएको क्षेत्र ☐

१०. वैवाहिक स्थितिः- (क) विवाहित ☐ (ख) अविवाहित ☐

११. बुवाको नामः-

१२. आमाको नामः-

१३. हजुर बुवाको नामः-

१४. स्थायी ठेगानाः-

१५. सम्पर्क ठेगानाः-

१६. कार्यरत कार्यालयको नाम, ठेगानाः-

१७. कार्यरत कार्यालयको सम्पर्क नं:-

१८. हाल कार्यरत पदः-..............................................

(क) सेवाः-................. (ख) समूहः-................ (ग) उपसमूहः-..................

१९. शैक्षिक योग्यताः (माथिल्लो शैक्षिक योग्यता पहिलो क्रममा लेख्ने)

| अध्ययन गरेको संस्था | अध्ययनको तह | उतीर्ण गरेको वर्ष | प्राप्तांक/प्रतिशत | मुख्य विषय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

२०. निजामती सेवामा अनुभवको विवरणः

| क्र.सं. | कार्यालयको नाम, ठेगाना | पद | बहाल रहेको मिति | | भौगोलिक क्षेत्रको वर्ग | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

सिफारिश गर्नेको

दस्तखतः-

नाम,थरः-

पदः-

मितिः-

कार्यालयको नामः-

कार्यालयको छापः-

अध्ययन गर्ने कर्मचारीको

दस्तखतः-

नाम,थरः-

पदः-

मितिः-

कार्यालयको नामः-